# चक र पाटीको गाउँ यात्रा

लेखक : भवसागर धिमिरे
चित्राङ्कनकर्ता: प्रौमिना श्रेष्ठ



यो पुस्तक सन् २०२० जुलाई-अगष्टमा रुम टु रिड, ग्लोबल अफिसले आयौजना गरेको कथा लैखन कार्यशाला Children during the time of COVID-19 मा लैखिएको हो । रुम टु रिडले काम गरिरहेका विभिन्न १० देशका २० जना लैखक सहभागी यस कार्यशालाबाट स्थानीय भाषामा कौरौना महामारीका विविध आयामबारे कथा लैखिएको थियौ ।

This story is written during the writers' workshop on
***Children during the time of COVID-19***
organized by Room to Read Global Office in July-August, 2020.

20 writers from 10 Countries where Room to Read is working participated in the workshop and they wrote the stories on different dimensions of COVID-19 in their local language.

# चक र पाटीकौ गाउँ यात्रा
## Chalk and Blackboard's Journey to the Village

NP-LLP-21-0002
First published in Nepali Language
Copyright © Room to Read 2021
All rights reserved.

ISBN : ~~9789937736152~~

Room to Read®

Founded in 2000 on the belief that World Change Starts with Educated Children®, Room to Read's innovative model focuses on deep, systemic transformation within schools in low-income communities during two time periods that are most critical in a child's schooling: early primary school for literacy acquisition and secondary school for girls' education. We work in collaboration with local communities, partner organizations, and governments to develop literacy skills and a habit of reading among primary school children and ensure girls can complete secondary school with the skills necessary to negotiate key life decisions. Room to Read has benefited 16.6 million children across more than 30,000 communities in 16 countries. Learn more at www.roomtoread.org.

Room to Read
Post Box 21103, Kathmandu, Nepal
Phone: 4102127, 4102128, 4266948
E-mail: nepal@roomtoread.org
Web: www.roomtoread.org



# चक र पाटीको गाउँ यात्रा

लेखक : भवसागर घिमिरे
चित्राङ्कनकर्ताः प्रोमिना श्रेष्ठ
सम्पादक : अनन्त वाग्ले


भाइरसको
महामारी.............झन्
बढ्दैछ ..........।


आफू बचौँ, अरुलाई पनि बचाऔँ
उफ् ! स्कूल कहिले खुल्छ होला ?
नखुलेकै ठीक छ। बल्ल आनन्दसँग सुत्न पाइएको छ।


हँसाइ रहने प्रवीण, बबाल नाच्ने जमुना, मीठो गाउने चाँदनी र धेरै साथीहरू देख्न मन छ।


प्रवीण


जमुना


चाँदनी


उनीहरूले मलाई प्याट प्याट भाँच्दै एकअर्काको टाउका टाउकामा हान्थे । कम्ता रिस उठ्थ्यो !
पिटिक्क
आ...
ट्वाक्क
भैंगो ! मलाई सुत्न देउ ।


उनीहरूको त्यही बदमासी नै त रमाइलो थियो नि। सुन न, तिमी मलाई एउटा सहयोग गर्न सक्छौ ?
के ?
मलाई उनीहरूको गाउँघरसम्म लैजाऊ न।
अहँ, सक्दिन म।
पहिला तिमी उनीहरूको घर गएका थियौ नि हैनं ?
उबेला उनीहरूकै गोजी भित्र कोच्चिएर गएको थिएँ। केही यादै छैन मलाई।
जाउँ न जाउँ। कति कोठामा मात्र बसिरहनु ! भोलि बिहानै बाटो सोध्दै जाउँ न। साह्रै मज्जा हुन्छ।
अहँ, मलाई जानु छैन।
सर्लक्क हिमाल। सुन्दर पहाड अनि बेसीमा हरिया फाँटहरू। झुरुप्प परेको बस्ती। सुन्दर घरहरू। बिर्सेऊ, चाँदनीले उनको गाउँको बारेमा बताएको ? हेर्न चाहन्नौ ?
उम्... ! अहिले सुत्न त देऊ यार। भोलि भनुँला।


आम्मै !
तिमी तयारै
भैसक्यौ ?


सुत्ने बेलामा चाँदनीले बताएको सुन्दर गाउँ झलझली
सम्झेँ क्या ! तर गाह्रो भो भने त म बाटैबाट फर्कन्छु नि ।


झोला लैजाउँ है, हल्का छ ।
झोलामा के होला ?
केही किताबहरू छन् ।




आइडिया !
वाउ..... !
??? 
तिमी यो झ्यालमा अटाउँछौ ?
आम्मामा ! काँ सक्नु ?
ठाडो हैन, के तेर्सो परेर ।
अँ ! अझ बल गर । अब अलिकति मात्र बाँकी छ ।




*क्वारेन्टाइन : रोग अरुलाई नसरोस् भनेर बिरामी बस्ने एक अलग स्थान*


होसियार रहनु, मानिसबाट टाढा रहन नबिर्सनु ।
विद्यालय
हामी कसरी जमुना र अन्य साथीहरू बस्ने गाउँमा पुग्न सक्छौँ ?
यही सडक हुँदै जानु, नदी तर्नु । अनि अर्को पहाड चढ्नु ।
नदी कति टाढा होला ?
खै ?


बल्ल पुग्यौँ ।
गाउँको बाटो



नाइँ, भो ! भो !
पौडन मन छ ?
नाइँ, मलाई डर लाग्छ ।
बिस्तारै !!!


हुर्रे ! हामीले नदी तऱ्यौँ ।


हामी अब
उक्लनु पर्छ ।


पुग्नु पर्ने गाउँ
गाउँसम्म पुग्न हामी कति हिँड्नु पर्छ ?
धेरै नहोला। नजिकै छ जस्तो लाग्छ।


अब कति हिँड्नु पर्ला ?
अझै एक घण्टा।
??
ओहो... !
भैंगो ! अब फर्कौं, म सक्दिन।
म फेरि बोकौँला नि।
एकछिन आराम गरौँ ।



मैंले त अझै पनि गाउँ देखिनँ त ।
मैंले पनि ।
देखिन्छ त !
साँच्ची ?
ध्यान दिएर चढ्नु ।
बिस्तारै हैं, न लड्नु ।
लडौंला नि ! राम्ररी समात ।
उनीहरू हामीलाई भेट्न हरेक दिन यत्ति लामो बाटो हिँडेर आउँदा रैछन् । हामी भने...!
चकभाइ ! थाकेको भए म उडाएर लैजाउँला ।


हुर्रे ! कति रमाइलो ।


धन्यवाद ।


कै तिमीलाई चाँदनीको घर थाहा छ ?
खैरो आँखीझ्याल, खैरो ढोका, माटोले पोतेको, रातो भित्ता । म्याँ... म्याँ... ।


यो उनको घर हो ।


ओहो ! चाँदनी...., कत्ति पछि भेटेको ।
पाटी, तिमी हौ ? आहा !
भेट्न मन लागेर आएको ।




म पढ्छु र भाइबहिनीलाई पनि सुनाउँछु। अब कहिले भेट हुन्छ ?
खुशी लाग्यो।
चाँडै भेटौँला।
अब स्कूल फर्कने कि ?
जिस्केको ? हामीसँग त पुरा दिन बाँकी छ। घुमौँ न !
आ...!
धुनु पर्ने भयो।



यसैमा पानी छैन ।
छैन ? म के गरूँ त, म मैला छु ।
प्रवीणको घर नजिकै छ, त्यहीं जानु ।
प्रवीण, तिम्रो कुकुरले हामीलाई टोक्छ कि ?
नडराऊ ! बरू खैरो साथी चाहिँ को नि ?
चक नि, चिनेनौ हैं ?
धेरै भो स्कूल नगएको । रंग नै बिर्सें क्या ! सेतो जस्तो लाग्यो ।
खेतमा खस्या थेँ ।
तिम्रो कुकुरले मलाई चाटेर हैरान ।


आँप खाएर पहेँलै भएछौं।
तिमीले सरको चित्र बनाउँदा के भाथ्यो बिर्सेउ ?
हेडसरलाई देख्दा तिम्रो अनुहार यो भन्दा पहेँलो भाथ्यो।


बाफ रे ! सरले आँखा तर्दा त मेरो मुटुले ठाउँ नै छाड्याथ्यो। कस्तो, स्कूल देख्न मन लागिराछ !
हामी पनि तिमीहरूलाइ देख्न मन लागेर आको।


चाडैं भेटौंला।
टाटा


हामी फर्कन लागेको हो र ?
हो त तिमीलाई त अब पुग्यो होला ।
नाइ, म जमुनाको नाच नहेरी जाँदैं जान्नँ ।
साँच्ची ?



मलाई थाहा थियो तपाईहरू गाउँ आको।
कसरी ?
मैंले भनेको ! म्याँ।
साँच्ची, उहाँ चाहि को हो ?
आँप अल्लि धेरै भएछ। मुख धोएपछि चिन्छौं
तिमी पानी हालिदिन सक्छौ ? म त नुहाउनै पर्ने भयो।
तिम्रो नाच हेर्न साह्रै मन लाग्यो रे।


तिम्रो लागि एउटा पुस्तक छ।
धन्यवाद।
स्कूललाई सम्झेको छ भन्दिनु।
हामी चाँडै भेट्नेछौँ।


घर जाने बाटो
आज नाच्न र गाउन पाएर रमाइलो लाग्यो ।
मलाई पनि रमाइलो लग्यो ।


चरासँगै उड्दा कति रमाइलो भयो ।
तिमीहरू घर जान लागेको ?
हो, हामी घर फर्कदैछौँ ।
फेरि आउनु है !


आज कस्तो रमाइलो दिन भयो हगि ?
हैं !
घर फर्केर हात धुन नबिर्सौं ।
तिमीहरू आयौं ?
कस्तो भयो ?


तिमीलाई आँप कोसेली ल्याइदिएका छौँ ।


आहा...... ! कस्तो मीठो ।
हैं ? कत्ति स्वादिलो । मैंले त टन्न खाएँ ।


... र प्रवीणको कुकुरले चकलाई चाट्यो ... । उसको अनुहार हेर न... ।


शुभ रात्री साथीहरू !
शुभ रात्री !
शुभ रात्री !






## लेखक

भवसागर घिमिरेले बालसाहित्यका धेरै किताब लेखेका छन्। उनले रुम टु रिडको तथ्य पुस्तक लेखन कार्यशालामा भाग लिइसकेका छन्। यस अघि रुम टु रिडबाट उनका 'हाम्रो घर एक संग्रहालय', 'माछा र बकुल्ला' लगायत किताब प्रकाशित छन्। पोखरामा जन्मेका घिमिरेले मानविकी तथा विज्ञानमा उच्च शिक्षा हाँसिल गरेका छन्। हाल उनी बीबीसी मिडिया एक्सनमा कार्यरत छन्।



## चित्राङ्कनकर्ता

प्रोमिना श्रेष्ठ अनुभवी र नयाँ प्रयोग गर्न रुचाउने चित्राङ्कनकर्ता हुन्। उनले सानै उमेरदेखि विभिन्न पत्रपत्रिकामा कार्टुन तथा चित्र बनाउन थालेकी थिइन्। उनले सूक्ष्म जीव-विज्ञानमा योग्यता हाँसिल गरेकी छिन्। उनी साल्भाडोर दली र जेराल्ड स्कार्फ जस्ता चित्रकारबाट प्रभावित छिन्। उनी सोसियल साइन्स वहामा अनुसन्धानकर्ताका रूपमा कार्यरत थिइन्। उनी नेवारी पौभा र मिथिला कलामा पनि गर्छिन्। रुम टु रिडका लागि यसअघि उनले थुप्रै पुस्तकमा चित्राङ्कन गरिसकेकी छिन्।



कोरोनाले धेरै समय स्कूल बन्द भएपछि चक र कालोपाटी विद्यार्थीलाई भेट्न गाउँ जाने निर्णय गर्छन् । उनीहरू कसरी गाउँ पुगे होलान् ?

School had closed for long time due to COVID 19 pandemic and Chalk & Blackboard planned to visit the village. How do they reached there?

Room to Read®

शिक्षित बालबालिकाबाट नै विश्वमा परिवर्तनको थालनी हुन्छ ।®



9 789937 736107